ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः२०८३।०१।११

राज कुमार लिम्बू
अध्यक्ष

चौबिसे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

राजारानी धनकुटा

# ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०८३

स्वीकृत मितिः२०८३।०१।११

**प्रस्तावनाः** ज्येष्ठ नागरिकहरूलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरूमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरू प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

चौबिसे गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम चौबिसे गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०८३ रहनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

ख) "गाउँपालिका" भन्नाले चौबिसे गाउँपालिकालाई सम्झनु पर्छ ।

**३. परिचय पत्र वितरणका आधारः-** नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरूलाई परिचय पत्र वितरणका आधार हुनेछ ।

**४. उद्देश्यः-** (१) ज्येष्ठ नागरिकहरूको लगत राखी परिचय पत्र वितरण गर्ने,

(२) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरूको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने,

(३) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**५. लक्षित वर्गः-** ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार ६० वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरू लक्षित वर्ग हुनेछन्।

**६. ज्येष्ठ नागरिकको वर्गीकरणः-** गाउँपालिका भित्र बसोबास गर्ने ज्येष्ठ नागरिकहरूको देहाय बमोजिम वर्गीकरण गरि परिचय पत्र वितरण गरिएको छः

(१) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(२) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

**७. परिचय पत्र वितरणका मापदण्डः-** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

राज कुमार लिम्बू
अध्यक्ष

**८. परिचय पत्र वितरण प्रक्रियाः-** (१) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न ६० वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले प्रमुख प्रशासकीय अधिकृत समक्ष *अनुसूची -१* को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनका लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिनेछ ।

(३) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी हुनेछ।

(४) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत *अनुसूची -२* बमोजिम गाउँपालिकामा राखी बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(५) ज्येष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन सम्बन्धित वडाको सिफारिस सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

**९. ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचाः-** (१) ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा *अनुसूची -३* बमोजिमको हुनेछ ।

(२) ज्येष्ठ नागरिक परिचय पत्रको आकार नेपाली नागरिकताको प्रमाण पत्रको आकार बराबरको हुनेछ ।

**१०. अधिकार प्रत्यायोजन गर्न सक्नेः** यो कार्यविधि कार्यान्वयनका लागि आवश्यकता अनुसार केही वा सबै अधिकार प्रमुख प्रशासकीय अधिकृतले वडा तहसम्मका कुनै कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

**११. विविधः-** (१) ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

**१२. बचाउ तथा खारेजीः-** यस भन्दा अघि गाउँपालिकाबाट ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी भए गरेका कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

राज कुमार लिम्बू
अध्यक्ष

अनुसूची १

(दफा ८ को उपनियम (१) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मितिः ..................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
चौबिसे गाउँपालिका, धनकुटा ।

विषयः- ज्येष्ठ नागरिक परिचय पत्र पाऊँ।

उपरोक्त सम्बन्धमा म यस गाउँपालिकाको स्थायी बासिन्दा भई प्रचलित कानून बमोजिम ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिक परिचय पत्र पाउन नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान – १ र अटो साइजको फोटो थान -२ समेत संलग्न राखी तपसिलका विवरणहरू भरि निवेदन गर्दछु ।

**१. ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण**

क) ज्येष्ठ नागरिकको नाम, थरः ..........................................................

ख) पति वा पत्निको नामः ..........................................................

ग) जन्म मिति र स्थानः ..........................................................

घ) लिंगः ................

ङ) नागरिकता प्रमाणपत्र जारी जिल्ला र जारी मितिः ........................

निवेदक

हस्ताक्षरः ....................

नामः ...........................

ठेगानाः ........................

सम्पर्क नंः .....................

राज कुमार लिम्बू
अध्यक्ष

राज कुमार लिम्बू
अध्यक्ष

अनुसूची २

(नियम ८ को उपदफा (४) सँग सम्बन्धित)

## ज्येष्ठ नागरिकको परिचय पत्र अभिलेख विवरण ढाँचा

| क.सं. | नाम, थर | ठेगाना | जन्ममिति | विवाहित/ अविवाहित | लिङ्ग | | ना.प्र. प.नं. | उपलब्ध सुविधा छुट | पेशा | अभिभावक | औंठाछाप | | फोटो | कार्यालय प्रमुखको हस्ताक्षर | वितरित मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | | | | | दाँया | बाँया | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

राज कुमार लिम्बू
अध्यक्ष

अनुसूची ३

(दफा ९ उपदफा (१) सँग सम्बन्धित)

**परिचय पत्र ढाँचा**

चौबिसे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

राजारानी, धनकुटा

## ज्येष्ठ नागरिक परिचय-पत्र

परिचय पत्र नं.: ............

नाम, थरः- ............................................

ना.प्र.प.नं.: ............ जारी गर्ने जिल्ला ....................... जारी मितिः .......................

ठेगानाः धनकुटा जिल्ला, चौबिसे गाउँपालिका, वडा नं. .........टोल ....................

उमेरः ............ लिङ्गः ....................

उपलब्ध छुट तथा सुविधाहरुः ..........................................................................

पति / पत्निको नामः ...............................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ..................................................

राज कुमार लिम्बू
अध्यक्ष

संरक्षकको नाम, थरः ..........................................................................................................

मोबाइल नं. : ..................................

रक्तसमुहः .......................................

रोग भए रोगको नाम र सेवन गरेको औषधीको नामः ..........................................................

<u>कार्यालयको छाप</u>

प्रमाणित गर्ने अधिकृतको,

दस्तखतः ..........................

नाम थरः ..........................

पदः ................................

जारी मितिः ......................

यो परिचय पत्र फेला पारेमा नजिकको प्रहरी कार्यालय वा चौबिसे गाउँपालिकामा बुझाई वि
होला।